Date:

नेपालमै पहिलोपल्ट अत्याधुनिक प्रयोगशालासहितको इपिडेमियोलोजिकल अनुसन्धान केन्द्र स्थापनाको घोषणा गर्न पाउँदा हामीलाई गर्व महसुस भएको छ । Intrepid Nepal Pvt Ltd एचआईभी, ह्युमन पपिलोमा भाइरस (एचपीभी), हेपाटाइटिस, क्षयरोग, कुष्ठरोगजस्ता रोगहरूको पहिचान र महामारी अध्ययनको क्षेत्रमा उच्च दक्षताप्राप्त विज्ञहरू सम्मिलितसंस्था हो ।

यो संस्था मोलिक्युल पहिचान र महामारी अध्ययनलाई प्रवर्द्धन गर्न क्रियाशील रहेको छ । एचआईभी, ह्युमन पपिलोमा भाइरस (एचपीभी), हेपाटाइटिस, क्षयरोग, कुष्ठरोगजस्ता रोगहरूको यस संस्थाका अध्ययनका क्षेत्रहरू हुन् । यस क्षेत्रमा रुचि राख्ने विद्यार्थीहरू र व्यवसायीहरूको दक्षता अभिवृद्धि गर्ने काममा पनि संस्था समर्पित छ । Intrepid Nepal Pvt Ltd एभिएन फ्लु, एचआईभी, क्षयरोगलगायतका पुराना, नयाा र सम्भावित रोगहरूको बारेमा निगरानी र अनुसन्धान गर्न प्राविधिक क्षमता भएको नेपालकै एक विशिष्ट र नयाँ खालको संस्था हो । यसका उद्देश्य एवम् विशेषताहरू यसप्रकार रहेका छन् :

**सहकार्यात्मक मोलिक्युलर पहिचान सेवा प्रदायक**

यस संस्थासाग उपलब्ध प्रविधिले पहिचान गर्न छिमेकी र विकसित देशहरूमा धाउनुपर्ने बाध्यतालाई हटाउने विश्वास लिइएको छ । Intrepid Nepal Pvt Ltd सेवा प्रदायकको रूपमा Real Time PCR, PCR, ELISA, ELISPOT, Western Blotting, SDS जस्ता संक्रमण पहिचानका औजारहरूसँग को पहुच दिन सक्ने क्षमता राख्दछ । यस्ता प्रविधि र तरिकाहरू समन्वयात्मक अनुसन्धानमूलक उद्देश्यका लागि पनि संस्थाले प्रयोग गर्न सक्नेछ ।

मोलिक्युलर र अन्य पहिचानका औजारहरूको उपलब्धताले एभिएन फ्लु लगायतका नया रोगहरूको पहिचान गर्न र छुट्याउन सक्षम बनाएको छ । त्यसबाहेक नेपालका लागि चुनौती बनेर आएका HIV/STIs, Hepatitis, Viral Influenza, TB र Dengue लगायत रोगहरूको सुपरिवेक्षण गर्न पनि यो संस्था योग्य छ ।

**अनुसन्धानमा राष्ट्रिय तथा अन्तराष्ट्रिय समन्वय**

Intrepid Nepal Pvt Ltd एउटा अनुसन्धानमूलक संस्था पनि हो जसले रोगहरूको प्रकोप र महामारीको अध्ययन मात्र गर्दैन, विभिन्न रोगको संक्रमणको बारेमा पनि अनुसन्धान गर्छ । यस्ता अध्ययन र अनुसन्धानहरू सरकार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसागको समन्वय र सहकार्यमा सन्चालित हुन्छन् । संस्थासँग एचआईभी, हेपाटाइटिसलगायत धेरै प्रकारका रोगहरूको महामारीका बारेमा देखापर्ने प्रवृत्तिको अध्ययन गर्ने तरिकाहरू डिजाइन र कार्यान्वयन गर्न सक्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञहरू यस संस्थामा आबद्ध हुनुहुन्छ ।

**प्राविधिक शिक्षा र मानव संसाधन विकास**

Intrepid Nepal Pvt Ltd ले विभिन्न प्राज्ञिक संस्थाहरूमा जैविक प्रविधि र यस्तै विषयहरूका स्नातक तालिमहरूमा पनि सहभागिता जनाउँछ । विशेषगरी रोगविरुद्ध लड्नसक्ने क्षमता, प्रकोप तथा महामारी र मोलिक्युलर जीवविज्ञानको क्षेत्रमा तालिम दिन संस्था सक्षम छ । संस्थाले देशबाहिरका अनुसन्धानकर्ता, विज्ञहरूलाई उपस्थित गराई गोष्ठी आयोजना पनि गर्दछ । त्यसबाहेक Intrepid Nepal Pvt Ltd ले बेलाबेलामा नयाँ प्रविधि भित्र्याउन र क्षमता अभिवृद्धि गर्न विदेशका प्रयोगशालाहरूमा समेत आफ्ना सदस्यहरू पठाउने गर्छ ।